फोन-फ्याक्स :
०८२-५६०१६२
०८२-५६०२४३
०८२-५६१२६८
०८२-५६०७००
बारुण यन्त्र : ०८२-५६०४५५
www.ghorahimun.gov.np

# घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## घोराही, दाङ, ५ नं. प्रदेश, नेपाल

मितिः २०७६।०३।३१

प.सं. ०७५/७६(सूचना)

च.नं. ६६२६

विषयः प्रचार प्रसार गरिदिने सम्बन्धमा ।

श्री घोराही उपमहानगरपालिका,
सबै वडा कार्यालयहरु, दाङ।

उपरोक्त सम्वन्धमा जिल्ला प्रशासन कार्यालय, दाङको प.सं. २०७५/०७६ च.नं. ६९२५ मिति २०७६/०३/३० गतेको प्राप्त पत्रसँगै संलग्न नेपाल सरकार गृहमन्त्रालयबाट मिति २०७६।०३।२७ मा प्रकाशित सशस्त्र द्वन्द तथा ऐतिहासिक जनआन्दोलनको क्रममा घाइते भई अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकनको लागि निवेदन गर्ने सम्बन्धी सूचना यसैसाथ संलग्न छ । उक्त सूचना सम्बन्धित व्यक्तिहरुसम्म पुर्याउन आवश्यक व्यवस्था गरी सोको जानकारी यस कार्यालयमा पठाउन हुन आदेशानुसार अनुरोध छ ।

२०७६।०३।३१
भीम बहादुर चौधरी
तथ्याङ्क अधिकृत

"हरित क्रान्ति आत्मनिर्भरता, सहभागिता र समता-मानव विकास स्वस्थ र स्वच्छ घोराही उपमहानगरपालिका"

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
घोराही, दाङ

कार्यालय : ०८२-५६०१३३
: ०८२-५६००२८
फ्याक्स : ०८२-५६०४६६
आवास : ०८२-५६००२१

पत्र संख्या : २०७५/०७६
चलानी नम्बर ६६२८

मिति : २०७६/०३/३०

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दाङ

**विषयः प्रचार प्रसार गरिदिने सम्बन्धमा ।**

श्री स्थानीय तहहरु सबै,
दाङ ।

प्रस्तुत विषयमा नेपाल सरकार गृह मन्त्रालयबाट मिति २०७६/०३/२७ मा प्रकाशित सशस्त्र द्वन्द तथा ऐतिहासिक जनआन्दोलनको क्रममा घाइते भई अपाङ्गता भएका व्यक्तिहरुलाई घाइते अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकनको लागि निवेदन गर्ने सम्बन्धी सूचना यसैसाथ संलग्न छ । उक्त सूचना सम्बन्धित व्यक्तिहरले पाउने गरी स्थानीय स्तरमा व्यापक प्रचार प्रसारका लागि स्थानीय एफ.एम. रेडियोहरुबाट समेत प्रशारण गरिदिने व्यवस्था मिलाई सहयोग गरिदिनु हुनको साथै सबै वडाहरुमा सूचना प्राप्त भएको जानकारी यस कार्यालयमा पठाउनु हुन समेत अनुरोध छ ।

गञ्ज बहादुर एम.सी.
सहायक प्रमुख जिल्ला अधिकारी

\\Com1\D\जिल्लाप्रशासनकार्यालयदाङ\फोंटहरु\प्रशासनफोंट\विविध

नेपाल सरकार

# गृह मन्त्रालय

सिंहदरबार, काठमाडौं

## सशस्त्र द्वन्द्व तथा ऐतिहासिक जनआन्दोलनको क्रममा घाइते भई अपाङ्गता भएका व्यक्तिहरुलाई घाइते अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन सम्बन्धी

# अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७६।०३।२७)

"सशस्त्र द्वन्द्वमा घाइते भई अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन (प्रथम संशोधन सहित) कार्यविधि, २०७४" अनुसार नेपाल सरकारबाट विभिन्न मितिमा गठन भएको "द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत संकलन कार्यदल" (कार्यदल) को प्रतिवेदनमा नाम समावेश भएका तर हालसम्म घाइते अपाङ्गता प्रतिशत निर्धारण नभएकाहरु र आफ्नो घाइते अपाङ्गता प्रतिशत हेरफेर भएको भए पुनरावलोकनको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले ३ महिनाभित्र निवेदन पेश गर्नुहुन सूचित गरिन्छ ।

यसै गरी कार्यदलको प्रतिवेदनमा नाम समावेश भई साविकमा जीवन निर्वाह भत्ता लिइरहेका सशस्त्र द्वन्द्व तथा ऐतिहासिक जनआन्दोलनको क्रममा घाइते अपाङ्गता भएका व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले ३ महिनाभित्र अनिवार्यरुपमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा आफ्नो घाइते अपाङ्गता प्रतिशत पुनरावलोकनको लागि निवेदन पेश गर्नुहुन सूचित गरिन्छ । उक्त अवधिसम्म निवेदन पेश नगर्ने घाइते अपाङ्गता भएका व्यक्तिहरुको जीवन निर्वाह भत्ता रोक्का रहने व्यहोरा समेत सूचित गरिन्छ ।

**विस्तृत जानकारीको लागि यस मन्त्रालयमा वा जिल्ला प्रशासन कार्यालयहरुमा सम्पर्क राख्नु होला ।**